स्थानीय सरकार
LOCAL GOVERNMENT
# दुहवी नगरपालिका
# DUHABI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.-२०८२/०८३
च.नं.-

मितिः-२०८३/०२/०६

**प्रतिवन्धित मुङ्ग्री माछाको अवैध आयात ,विक्रि वितरण तथा कारोबार तत्काल बन्द गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा दुहबी नगरपालिकामा प्राप्त सूचनाअनुसार नगरपालिका क्षेत्रभित्र नेपाल सरकारद्वारा प्रतिबन्धित गरिएको "मुङ्ग्रि माछा" भारतबाट अवैध रुपमा ल्याई सोको बिक्री–वितरण तथा कारोबार भइरहेको भन्ने जानकारी प्राप्त भएको हुँदा यस विषयप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाल सरकारको प्रचलित कानून, मापदण्ड तथा सम्बन्धित निकायको निर्देशन विपरीत प्रतिबन्धित माछा बिक्री–वितरण गर्नु गैरकानुनी कार्य भएकोले दुहबी नगरपालिका क्षेत्रभित्र मुङ्ग्रि माछाको बिक्री वितरण, ओसारपसार तथा भण्डारण कार्य तत्काल बन्द गर्न सम्बन्धित सम्पूर्ण व्यवसायी, व्यापारी तथा सरोकारवालाहरूलाई यो सूचना मार्फत जानकारी गराईन्छ। अन्यथा अनुगमनका क्रममा पुनःउक्त कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८२/०२/०६

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner